# आ.व. २०८१/०८२ को लागि रासी सोनारी गाउँपालिकाका अध्यक्ष श्री तप्त बहादुर पौडेलले गाउँसभाको १५औं अधिबेशनमा प्रस्तुत गर्नु भएको नीति तथा कार्यक्रम

रासि सोनारी गाउपालिका
गाउँकार्यपालिकाकोकार्यालय
अगैया, बाँके  लुम्बिनी प्रदेश नेपाल
२०८१ असार १०

**गरिमामय सभाका सदस्यज्यूहरु**

यस राप्तीसोनारी गाउँपालिकाको गरिमामय गाउँसको १५औ अधिबेशनमा उपस्थित गाउँपालिकाका उपाध्यक्ष ज्यू, गाउँसभाका सचिव (प्रमुख प्रशासकीय अधिकृत) ज्यू, वडा अध्यक्षज्यूहरु, कार्यगाउँपालिकाका सदस्यज्यूहरु, गाउँसभाका सम्पूर्ण सदस्य ज्यूहरु, संचारकर्मी तथा गाउँपालिकाका कर्मचारी मित्रहरु ।

सर्वप्रथम, राप्तीसोनारी गाउँ गाउँपालिकाको आ.ब. २०८१/०८२ को नीति, कार्यक्रम तथा बजेट पेश गर्ने यो गरिमामय गाउँ सभाको १५औं अधिवेशनमा सर्वप्रथम म संघीय लोकतान्त्रीक गणतन्त्र नेपाल स्थापना लगायत नेपालका राजनैतिक परिवर्तनको प्रमुख आन्दोलनका विभिन्न काल खण्डमा आफ्नो अमूल्य जीवन उत्सर्ग गर्नुहुने सम्पूर्ण ज्ञात अज्ञात शहिदहरु प्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्न चाहन्छु । त्यसैगरी नेपालमा भएका राजनीतिक परिवर्तनका विभिन्न आन्दोलनमा घाईते हुनुभएका योद्धाहरुको शीघ्र स्वास्थ्य लाभको कामना गर्दछु । राजनैतिक आन्दोलनमा वेपत्ता हुनपुगेका र वेपत्ता पारिएका नागरिकहरुको खोजी तथा सार्वजनिक गर्न तदारुकता देखाउन संघीय तथा प्रदेश सरकारको ध्यानाकर्षण पनि गराउन चाहन्छु ।

नेपालको संविधान २०७२ जारी भएपछि मुलुकमा संघीयता संस्थागत भएको छ । संविधानले परिकल्पना गरेका तीनै तह संघ, प्रदेश र स्थानीयतहका दोस्रो निर्वाचन सम्पन्न भएको दुई वर्षको समय व्यतित भईसकेको छ । संविधानले परिकल्पना गरेका संरचनाहरु स्थापना र क्रियाशील हुदै गएका छन् । संविधानले व्यवस्था गरेका नागरिकका मौलिकहकहरु प्रचलन गराउनुपर्ने विषय सबै सरकारहरुका दायित्वका रुपमा रहेका छन् । राजनीतिक आन्दोलनले पूर्णता पाईसकेको अवस्थामा अब जनताको आर्थिक संवृद्धि हासिल गर्ने राष्ट्रिय अभियानमा हाम्रो ध्यान केन्द्रित गर्नुपर्ने अवस्थामा हामी आईपुगेका छौं ।

अबको हाम्रो गन्तव्य गरिवी निवारणका लागि आर्थिक संवृद्धि, सुशासन, सामाजिक समावेशीकरण, समावेशी विकास, सामाजिक न्याय सहितको आयको समान वितरण तर्फ हुनु जरुरी छ । यस्तो महत्वपूर्ण घडिमा हुन गईरहेको गाउँसभाको शुभारम्भ सत्रमा सबै महानुभावहरुमा आभार व्यक्त गर्न चाहन्छु ।

**सभाका सदस्यज्यूहरु,**

भौगोलिक विविधताले भरीपूर्ण राप्ती सोनारी गाउँपालिका जनसंख्याको हिसाबले नेपालकै दोस्रो ठूलो गाउँपालिका हो । विभिन्न जातजातिको मिश्रित वसोवास रहेको यस गाउँपालिकामा थारु जातिको बाहुल्यता रहेको छ । जाति अनुसार फरक फरक संस्कृति, भेषभुषा र परम्परागत सम्पदाहरु रहेका

छन् । यी हाम्रा गाउँपालिकाका सम्पत्ति हुन् भन्ने मेरो वुझाई छ । यस्ता सम्पदाहरुको संरक्षण र सम्वर्द्धन गर्नु हामी निर्वाचित जनप्रतिनिधिहरुको परम कर्तव्य हो । नेपालको संविधानले नेपाली जनताको सार्वभौमिकतालाई संवैधानिक, कानुनी र व्यवहारिक रुपमा स्थापित गरिसकेको परिप्रेक्ष्यमा संविधान प्रदत्त हक अधिकारहरु तथा राज्य र स्थानीय सरकारबाट प्रदान गरिने सेवा सुविधाहरु सबै गाउँपालिकावासी समक्ष पुऱ्याउनु हाम्रो प्रमुख दायित्व हो । तथ्य, तर्क र कानुनका आधारमा गाउँपालिका वासीका जायज कुराहरुको सम्वोधन गर्ने परिपाटीलाई निरन्तरता दिनुको साथै लोकप्रियताका लागि मात्र नभई जनताका लागि आवश्यकताका आधारमा कार्य गर्न सकेमा मात्र गाउँपालिका र जनप्रतिनिधिहरुको गरिमा उच्च हुनेमा दुई मत हुन सक्दैन भन्ने मेरो ठम्याई छ ।

वर्तमान युग सूचना प्रविधिको युग हो । सूचना प्रविधिको यथेष्ट उपयोगबाट आज कैंयौ मुलकका साथै हाम्रै देशका स्थानीय तहहरुले उल्लेख्य प्रगती हासिल गरिसकेका छन् । यस परिप्रेक्ष्यमा अबको हाम्रो विकास सूचना र तथ्यांकको विश्लेषण र अनुसन्धानमा आधारित हुनु पर्दछ । यसका लागि गाउँपालिकाको भूगोल, जनसंख्या, प्राकृतिक स्रोत साधन, संस्कृति, क्षमता र सम्भावनाहरुको तथ्यगत विवरण तयार गरी दुरुस्त राख्ने तर्फ हाम्रो ध्यान जानु पर्दछ । यसका लागि विकास र सेवा प्रवाहलाई सहजीकरण गर्ने गरि अर्पूण नीति र कानूनलाई पूर्णता दिने तथा आवश्यकता अनुसार नयाँ नीति र कानून निर्माणमा प्राथमिकता दिनु पर्दछ । गाउँपालिकाका संस्थागत संरचनालाई सक्षम र कार्यमूलक बनाउनका साथै संरचनाहरुको कार्य प्रकृती, प्रदान गर्नु पर्ने सेवा र अवस्थितिको सही विश्लेषण गर्न सक्नु पर्दछ । यसका लागि जनप्रतिनिधिहरुको क्षमता अभिवृद्धि गरी अन्य क्षेत्रमा योग्य, विशेषज्ञ र दक्ष् जनशक्ति विकास एवं परिचालन गर्न वृहतजनशक्ति योजना तर्जुमाको आवश्यकता मैले देखेको छु । गाउँपालिका भित्र उपलब्ध तर प्रयोग विहीन र कम प्रयोग भएका स्रोत र साधनलाई कुशलतापूर्वक परिचालन गर्नेतर्फ हाम्रो ध्यान केन्द्रितहुनु पर्दछ ।

**<u>सभाका सदस्यज्यूहरु,</u>**

राप्ती सोनारी गाउँपालिकाको आन्तरिक आय वृद्धिका संवाहक कृषि, उद्योग, पर्यटन, जलस्रोत, प्राकृतिक श्रोत व्यवस्थापन, व्यापार व्यवसाय जस्ता क्षेत्रहरुको सही उपयोग नै हो । सार्वजनिक, नीजि र सहकारी क्षेत्रको समेत यस क्षेत्रमा लगानी केन्द्रित गराउनु हामी सबैको उतिकै दायित्व छ । यसका लागि सम्बन्धित पक्षलाई प्रेरित गर्न सक्नु पर्दछ । कृषि तथा पशुपालनको व्यवसायीकरण र बजारीकरणका लागि पकेट क्षेत्र घोषणा गरी सो क्षेत्रमालगानी बढाउनु जरुरी छ ।

पर्यटन उद्योग मार्फत गाउँपालिकाको आम्दानी वृद्धि गर्नका लागि ऐतिहासिक महत्वका मठमन्दिर, भाषा र संस्कृतिको संरक्षण सम्वर्धन गर्नुका साथै शहरीकरणका लागि आवश्यक पूर्वाधारको क्रमशः

निर्माण तथा व्यवस्थापनका गर्दै शिक्षा, स्वास्थ्य, खानेपानी, विद्युत, इन्टरनेट र वैंकिङ्ग क्षेत्रमा गाउँपालिका वासीको सहज पहुँचमा महत्व दिनु आवश्यक सम्झेको छु ।

शिक्षा क्षेत्रको विकास नभै गाउँपालिका वासीको उत्थान हुन नसक्ने भएकाले गाउँपालिका भित्र रहेका विद्यालयहरुमा रित्त शिक्षक दरवन्दी मिलान तथा पदपूर्ती गर्ने, विद्यार्थी संख्या अत्यन्त न्यून भएका विद्यालयहरु एक आपसमा समायोजन गर्दै जाने, विद्यालयको भौतिक संरचनामा सुधार गर्ने, सबै विद्यालयमा क्रमशः इन्टरनेटको सुविधा पुऱ्याउने कार्य विशेष प्राथमिकतामा छ । यस आ व मा टिनको छाना भएका विद्यालयमा वातावरण अनुकुल जिप्सन वा प्लाईको प्रयोग गरी शीतलता प्रदान गर्ने, खानेपानीको व्यवस्थापन तथा शौचालय निर्माण र मर्मत गर्ने नीति निरन्तर अवलम्बन गरिनेछ । बालबालिकाले विद्यालय छाड्ने कारणको अनुसन्धान गरी सुधार कार्यक्रम सञ्चालन गर्ने र बालमैत्री गाउँपालिकाको विकास गर्न अन्य साझेदार निकायसँग हातेमालो गरी शैक्षिक तथा बालबालिकाको क्षेत्रमा कार्यक्रम सञ्चालन गरिनु पर्दछ ।

छरिएर रहेका बस्ती, कृषि योग्यभूमिको अन्य प्रयोजनमा बढ्दो प्रयोग, अनियन्त्रित खण्डीकरण, कृषि उत्पादनमा ह्रास, खाद्य सुरक्षामा प्रतिकूल प्रभाव, वन क्षेत्रको अतिक्रमण र खुल्ला स्थानको अभाव जस्ता समस्या भूमि व्यवस्थापनमा रहेको छ । त्यसको समाधान र व्यवस्थित विकासका लागि बनाइएको भूउपयोग योजनालाई प्रभावकारी कार्यान्वयन गर्न सबैको सहयोग र सहकार्यको आवश्यकता रहेको छ । बिकास निर्माणको बृहत अभियानमा राप्ती सोनारी गाउँपालिकाका जनप्रतिनिधि र गाउँपालिका बासी समेतले पनि योगदान पुर्याउनु जरुरि छ । यसैमा आधारित रहेर मैले राप्ती सोनारी गाउँपालिकाको आगामी आ.व. २०८१/०८२ को नीति तथा कार्यक्रम तयार गर्न गाउँपालिका भित्रका बुद्दिजिबि तथा सरोकारवालाको सुझाब समेत लिई यो नीति तर्जुमा गरि गाउँ कार्यगाउँपालिकाको बैठकबाट पारित गराई आजको गरिमामय गाउँसभा समक्ष पेश गरेको छु।

**सभाका सदस्यज्यूहरु,**

आगामी आ.व. २०८१/२०८२ को नीति तथा कार्यक्रम तयार गर्दा गाउँपालिकाले निम्न बिषयहरुलाई आधारको रुपमा लिएको व्यहोरा यस सभामा प्रस्तुत गर्न चाहन्छु ।

क. नेपालको संविधान (राज्यका निर्देशक सिद्धान्त तथा नीतिहरु)

ख. स्थानीय सरकार संचालन ऐन, २०७४

ग. अन्तर–सरकारी वित्तव्यवस्थापन ऐन, २०७४

घ. संघ, प्रदेश र स्थानीय तह (समन्वय तथा अन्तरसम्बन्ध) २०७७

ङ. आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६

च. नेपाल सरकारको नीति तथा कार्यक्रम र वर्तमान वजेट

छ. प्रदेश सरकारको नीति तथा कार्यक्रम र वर्तमान बजेट

ज. स्थानीयतहको बजेट तर्जुमा दिग्दर्शन, २०७८

झ. गाउँपालिकाका ऐन, नियम, निर्देशिकाहरु,कार्यविधि र मापदण्ड

ञ. नेपाल सरकारको पन्धौं योजना

ट. दीगो विकास लक्ष्य २०१६–२०३०

ठ. राष्ट्रिय जनगणना, २०७८ का प्रतिवेदनहरु

ड. गाउँपालिको आवधिक योजना २०७९-०८४

ढ. गाउँपालिकाको मध्यमकालीन खर्च संरचना

ण. गाउँपालिकाको भू उपयोग योजना, २०७९

त. गाउँपालिको कृषि रणनीतिक गुरुयोजना, २०८०

थ. राप्ती सोनारी गाउँपालिका कार्यपालिकाका सबै विषयगत समितिबाट प्राप्त सुझावहरु तथा निर्णयहरु,

द. गाउँ कार्यपालिका तथा गाउँसभाका निर्णयहरु

ध. नीति तथा कार्यक्रम र बजेट निर्माणका क्रममा आयोजना गरिएका सुझाब तथा छलफल कार्यक्रमका विषयहरु ।

न. राप्ती सोनारी गाउँपालिकाले आवश्यक देखेका विभिन्न विषयहरु ।

उपरोक्त आधारमा आगामी वर्षका योजना तथा बजेट कार्यक्रम छनौट गर्न निम्न प्राथमिकता क्षेत्र तोकिएका छन् । साथै वडास्तरबाट योजना तर्जुमा गर्दा समेत देहाय अनुसारका प्राथमिकताका आधारमा तर्जुमा गर्न निर्देशन समेत गरिएको थियो ।

क. आर्थिक विकास तथा गरिवी निवारणमा प्रत्यक्ष योगदान पुऱ्याउने योजना

ख. उत्पादनमूलक र छिटो प्रतिफल दिने योजना

ग. राजश्व परिचालन र आन्तरिक आयमा उल्लेख्य योगदान पुऱ्याउने योजना

घ. सेवाप्रवाह, संस्थागत क्षमता अभिवृद्धि र सुशासनमा योगदान पुऱ्याउने योजना

ङ. स्थानीय स्रोत साधनमा आधारित भई जनसहभागिताको अभिवृद्धि गर्ने योजना

च. लैङ्गिक समानता, सामाजिक समावेशीकरणको अभिवृद्धि गर्ने योजना

छ. दिगो विकास, वातावरण संरक्षण र विपद् व्यवस्थापनमा योगदान पुऱ्याउने योजना

ज. स्थान बिशेषको संस्कृति र पहिचान प्रवर्धन गर्ने योजना

झ. लक्षितवर्गका जिविकोपार्जनमा सघाउ पुऱ्याउने योजना

<u>उपस्थित सभा सदस्यज्यूहरु</u>

**अब म रासी सोनारी गाउँपालिकाले आ व २०८१ /०८२का लागि तय गरेका विषयगत क्षेत्रका नीतिहरु प्रस्तुत गर्न चाहन्छुः**

**आर्थिक विकास**

१. यस आ. व. मा कृषि रणनीति गुरुयोजना बमोजिमका कृषि विकास कार्यक्रम सञ्चालन गरिनेछ ।वार्ड नम्बर ४ मा रहेको शीत भण्डार निर्माण कार्यलाई सम्पन्न गर्नुका साथै खाद्य भण्डारण केन्द्र र अन्य स्थानमा शीत भण्डार निर्माणको सम्भाव्यता अध्ययन गरिनेछ ।

२. प्राङ्गारिक मल (जैबिक मल, हरियो कम्पोस्ट तथा गडयौला मल) उत्पादन सम्बन्धी कार्यक्रम सञ्चालन गरिनेछ ।

३. जग्गाको खण्डीकरण र बाँझो राख्ने प्रवृतिलाई निरुत्साहित गर्न आवश्यक नीति निर्माण र कार्यान्वयन गरिनेछ । संघीय तथा प्रदेश सरकारको सहयोग र समन्वयमा सबै वडाको किसान परिचयपत्र लागि तथ्यांक संकलन गरि वितरण कार्यक्रमको पहल गरिनेछ ।

४. व्यवसायिक खेती गर्ने कृषक लक्षित अनुदान तथा प्राविधिक सहयोग कार्यक्रम अवलम्बन गरिनेछ । ऐलानी जग्गामा खेती गर्ने कृषकहरुलाई कृषि सेवा सहुलियतको लागि उपयुक्त नीति निर्माण गरिनेछ । ऐलानी जग्गा उपयोग गर्ने नागरिकको लागि करको उपयोग गर्ने आबश्यक नीति अबलम्बन गरिनुको साथै खाद्य सुरक्षा सुनिश्चित गरी निर्यात उन्मुख कार्यक्रमको योजना तर्जुमा गरिनेछ । रैथाने धान बाली (रुद्री, गौरी, धनमनी) लाई संरक्षण तथा प्रर्वद्धन नीति अवलम्बन गरिनेछ ।

५. कृषि क्षेत्रमा बृहत लगानी गर्ने निजी क्षेत्रमैत्री नीति निर्माण गरिनेछ । कृषि उपजको न्यूनतम मूल्य तोकी प्रचार प्रसार र कार्यान्वयन लागि नीति निर्माण गरिनेछ ।

६. खाद्य सुरक्षा र पोषण सुधार गर्नको लागि एक वडा एक उत्पादन कार्यक्रम संचालन गरिने छ ।

७. सामूहिक खेती सञ्चालन कार्यक्रमलाई प्रोत्साहन गरिनेछ । महिला लक्षित कृषि प्रबिधि मैत्री कार्यक्रम संचालन गरिने छ । यसका लागि मुक्त कम्लहरी, एकल महिला र द्वन्द पिडित महिलाहरुका लागि बिशेष प्राथमिकता दिइनेछ ।

८. कृषक तालिम, कृषि प्रसार तथा क्षमता विकास कार्यक्रम सञ्चालन गरिनेछ ।

९. गाउँपालिकास्तरीय तरकारी तथा फलफुल संकलन र बिक्री केन्द्र (हाटबजार प्रवर्धन) कार्यक्रम वडा नं ९ को ढकेरिमा शुरुवात गरिनेछ ।

१०. डिजिटल स्वाएल म्यापिङ प्रणाली लागु गरी माटो सुधार कार्यक्रम सञ्चालन गरिनेछ ।

११. बेमौसमी तरकारी, फलफुल र च्याउ खेती सञ्चालन र प्रवर्धन कार्यक्रम सञ्चालन गरिनेछ । वगरखेती, अर्गानिक खेती तथा मसला बाली उत्पालन कार्यक्रमलाई प्रोत्साहन गरिनेछ ।

१२. कृषि बीमालाई प्रभावकारी बनाउन बीमा कम्पनी र कृषकहरुसँग समन्वयात्मक सञ्जाल कार्यक्रम सञ्चालन गरिनेछ । सहकारी संस्थाहरुमा शुसान अभिवृद्धिको लागि निरन्तर नियमन गर्नुको साथै क्षमता बिकास गरि साझेदारीमा कार्यक्रम संचालन गर्न जोड दिईनेछ |

१३. सामुदायिक वनसंगको सहकार्यमा जडीवुटी खेती कार्यक्रमलाई प्रवर्धन गरिनेछ । सामुदायिक बनको संस्थागत बिकास एबम शुसान कायम गर्ने समन्वयकारी भूमिका निर्वाह गर्नुको साथै साझेदारीमा कार्यक्रम संचालन गरिनेछ |

१४. दुग्ध संकलन तथा प्रशोधन केन्द्र निर्माण कार्यमा सहकारी तथा दुग्ध कम्पनीसंग सहकार्य गरिनेछ । दुग्ध उत्पादन समूह गठन (वडा नं.९, ८, २, ७) र बाख्रा श्रोत केन्द्र स्थापना र सञ्चालन गरिनेछ । दुग्ध वस्तुमा आत्मनिर्भर उन्मुख कार्यक्रम सञ्चालन गरिनेछ ।

१५. बाख्रा पालन पकेट क्षेत्रको विस्तार र प्रोत्साहन उन्मुख कार्यक्रम संचालन गरिनेछ । डालेघाँसको नर्सरी स्थापना कार्यलाई निरन्तरता दिइनेछ । उन्नत खोर, गोठ निर्माणका लागि पूर्वाधार निर्माणमा सहुलियत कार्यक्रम सञ्चालन गरिनेछ । पशु सेवा प्रवर्द्धन तथा नश्ल सुधार कार्यक्रम सञ्चालन गरिनेछ ।

१६. पशुपालक कृषकहरुलाई तालिम तथा क्षमता अभिवृद्धि कार्यक्रम सञ्चालन गरिनेछ ।

१७. वडा नं ४ मा भेटेरीनरी अस्पताल तथा प्रयोगशाला निर्माण गरी थप सेवा सुबिधा मैत्री बनाईने छ । यसका लागि संघ तथा प्रदेश सरकारसंग समन्वय एवं सहकार्य गरिनेछ ।

१८. स्थानीय कुखुरा तथा पंक्षीजन्य वस्तु प्रवर्द्धन कार्यक्रम सञ्चालन गरिनेछ ।

१९. ठूला फर्म खोल्ने निजी क्षेत्रलाई प्रोत्साहन दिने कार्यक्रम ल्याइनेछ ।

२०. मासुजन्य वस्तुमा आत्मनिर्भर उन्मुख कार्यक्रम सञ्चालन गरिनेछ ।

२१. कृषि तथा पशुपालक किसानहरुको गाउँपालिकास्तरीय सञ्जाल गठन गरिनेछ ।

२२. स्थानीय किसानहरुको अनुभव आदान प्रदान गर्ने अन्तरक्रिया गोष्ठी आयोजना गरिनेछ ।
२३. यस गाउपालिका भित्रका गौशाला व्यवस्थापन गर्न संघ, प्रदेश सरकार, अन्य स्थानीय तह र सामुदायिक संस्थाहरुसंग सहकार्य र समन्वय गरि संचालन गरिनुको साथै आबश्यक पर्ने अनुदान ब्यबस्थापन गरिने छ ।
२४. कृषि तथा पशुपन्छीजन्य प्राकृतिक प्रकोप तथा महामारी रोग नियन्त्रण सम्बन्धि कार्यक्रम प्रभावकारी ढंगले संचालन गरिनेछ ।
२५. कृषि तथा पशुपन्छीजन्य क्षेत्रहरुको उत्पादन, ब्यबसायीकरण र बजारीकरणको लागि उत्पादन वृद्धि कार्यक्रम संचालन गरिनेछ । कृषि मेलाको आयोजना गरि यस पालिकामा उत्पादन हुने बस्तुहरुको ब्यबसायीकारण तथा बजारीकरणमा जोड दिईनेछ ।
२६. उद्योग व्यवसायको सम्भाव्यता अध्ययन र अनुसन्धान गरिनेछ । वार्ड नं ४ मा औधोगिक ग्राम निर्माण कार्यलाई निरन्तरताको लागि संघिय सरकार संग प्रभावकारी समन्वय गरिनेछ ।
२७. दुना टपरी उद्योगलाई सबल, सक्षम र आअत्मनिर्भरका लागि बजारीकरण गर्ने तर्फ कार्यक्रम लक्षित गरिनेछ ।वार्ड नं ९ मा रहको कोशेली घरलाई व्यवस्थित रूपमा सञ्चालन गर्नका लागि आवश्यक पहल गरिनेछ ।
२८. व्यवसाय प्रवर्द्धन तालिम कार्यक्रम सञ्चालन, औद्योगिक तथा व्यवसायिक सहुलियत कार्यक्रम सञ्चालन तथा करदाता शिक्षा शिविर सञ्चालन गरिनेछ ।
२९. थारु समुदाय तथा दलित समुदायको परम्परागत सीप र क्षमता हस्तान्तरण सम्बन्धी कार्यक्रम सञ्चालन गरिनेछ । थारु संस्कृतिको संरक्षण र प्रवर्द्धनका लागि संग्रहालय स्थापना गर्न आवश्यक पहल गरिनेछ ।
३०. औषधीजन्य जडिबुटीको पहिचान तथा संरक्षणका लागि अध्ययन, तथ्यांक संकलन र अभिलेखांकन कार्यक्रम सञ्चालन गरिनेछ । उत्पादित वस्तुहरु तथा जडिबुटीहरुको प्रचारप्रसारमा सहजीकरण गरिनेछ ।
३१. गैरकाष्ठ पैदावारबाट आकर्षक वस्तु उत्पादनका लागि प्रोत्साहन उन्मुख कार्यक्रम सञ्चालन गरिनेछ ।
३२. वनपैदावार तथा नदीजन्य पदार्थको वार्षिक तथ्यांक संकलन गरिनेछ ।
३३. पर्यटन पर्बर्धनका लागी गाईलेक, खर्सेताल, भुवर भवानीमन्दिर र बाबा बर्फानि मन्दिर पद मार्ग निर्माण, बैंसा पिकनिक पार्क, बिनौना पिकनिक पार्क र ढकेरी पिकनिक पार्क तथा

ढकेरी राष्ट्रिय वनस्पति उद्यानको स्तरोन्नति गर्नका लागि आवश्यक पहल गर्नुका साथै बाँके राष्ट्रिय निकुञ्जमा जंगल सफारी सहज गर्न आबश्यक पहल गरिनेछ ।

३४. पर्यटन प्रवर्द्धनका लागि यातायात सञ्जाल निर्माण सम्भाव्यता अध्ययन गरिनेछ ।बागवानी निर्माण तथा वनस्पती उद्यान संरक्षण कार्यक्रम संचालन गरिनेछ ।

३५. होटल, मोटेल, रेष्टुरेण्ट र रिसोर्ट जस्ता पूर्वाधार निर्माणमा निजीक्षेत्रलाई आकर्षित गर्ने तथा सीप विकास एवं क्षमता अभिवृद्दि तालिमको व्यवस्थापनमा सहजीकरण गरिनेछ।

३६. पर्यटन सूचना केन्द्रको स्थापनाका लागि संघ र प्रदेश सरकारसंग समन्वय तथा सहकार्य गरिनेछ।पर्यटकीय स्थलको प्रचार प्रसारका लागि डकुमेन्ट्री निर्माण तथा प्रसारण गर्ने , एक वडा एक उद्यानको अवधारणा कार्यन्वयनमा ल्याइनेछ ।

३७. सहकारी संस्थाहरुको अभिलेख, नियमन र अनुगमन प्रभावकारी ढंगले गर्ने, सहकारी संस्थाहरुको संस्थागत विकास, क्षमता अभिबृद्धि र प्रवर्द्धनात्मक कार्यक्रम संचालन गर्ने , एक सहकारी एक उत्पादन तथा एक घर एक सहकारी कार्यक्रम सञ्चालन गर्ने, उत्पादनमा संलग्न सहकारीलाई बजारीकरणका लागि प्रोत्साहन कार्यक्रम सञ्चालन गरिनेछ ।

३८. दुई वा दुई भन्दा बढी सहकारीहरुको संयुक्त लगानीबाट सञ्चालन गरिने नमूना उत्पादन कार्यक्रम (कृषि, पशुपंक्षीपालन, जडिबुटी, पर्यटनक्षेत्र) प्रोत्साहन गर्ने ,सामूहिक कृषि तथा पशुपालन सहकारी गठन र सञ्चालन गर्नेलाई प्रोत्साहन गरिनेछ ।

३९. उत्पादित सामाग्री र उपजहरुको ब्राण्डिङ, प्याकेजिङ, बजारीकरण र भण्डारण गर्ने पूर्वाधार निर्माणमा सहयोग गर्ने , उत्पादित बस्तुहरुको बजारीकरणको लागि हाटबजार पूर्वाधार निर्माण तथा सञ्चालन कार्यक्रमलाई अगाडि बढाइनेछ ।

४०. गरिबी निवारण कोष र स्थानीय विकास कोष मार्फत गठन भएका समूहहरुमा रहेको घुम्तिकोष र अन्य प्रकृतिका कोषहरुको रकमलाई गाउँपालिकाको नियमनमा हुनेगरी परिचालन गर्ने गरि कानूनी ब्यबस्था गरिनेछ । सो को लागि त्रैमासिक प्रतिबेदन पेश गर्न आवश्यक ब्यबस्था मिलाइने छ ।

४१. गैर सरकारी संस्थाहरुले गर्ने कार्यक्रम एकद्वार प्रणाली मार्फत संचालन गरिनेछ । विभिन्न गैर सरकारी संस्थाहरुले गर्ने कार्यक्रम प्रस्तावनाको आधारमा आवश्यक समन्वय र सहकार्य गर्न ब्यबस्था मिलाईनेछ ।

४२. वाणिज्य तथा आपूर्ति क्षेत्रलाई अनुशासित र दीगो बनाउन आवश्यक नीति तथा कार्यविधि तर्जुमा गरिनेछ । वैज्ञानिक नापतौल प्रणालीको प्रयोग तथा बजार अनुगमन कार्यक्रमलाई सघन रुपमा अगाडि बढाइनेछ ।

४३. ब्यबसाय दर्तालाई अनिवार्य लागु गरि आ.व.२०८१/२०८२ देखि एकीकृत सम्पति कर लागु गर्न प्रक्रिया अगाडी बढाईनेछ ।

४४. कृषिउपज, जडिबुटी तथा स्थानीय श्रोतसाधनबाट उत्पादित वस्तुहरुको प्रदर्शनीका लागि उद्योग बाणिज्य संघ , नागरिक समाज सामुदायिक संघ संस्थाको साझेदारीमा र सहकार्यमा रासी सोनारी महोत्सव कार्यक्रम सञ्चालन गरिनेछ । सूचना, प्रविधि र विद्युतीय व्यापार मार्फत स्थानीय उत्पादनको प्रचार प्रसारमा सहजीकरण गरिनेछ ।

४५. निर्यात प्रवर्द्धन र आयात प्रतिस्थापनको तथ्यांक अभिलेखीकरण कार्यलाई अगाडि बढाइने, वस्तु उत्पादक कृषक तथा उद्योगीहरुलाई प्रत्यक्ष लाभदिन विचौलिया निरुत्साहित गर्ने कार्य विधि निर्माण गरिनेछ ।

४६. महिला तथा युवाहरुका लागि उद्यमशीलता तालिम सञ्चालन गरिनेछ | बिपन्न महिलाहरुको उधमशिलता प्रवर्धन गर्न साझा सुबिधा केन्द्रको स्थापनामा जोड दिइनेछ |

४७. कृषि, वन तथा पर्यटन प्रवर्धनमा आधारित उद्योग स्थापनामा सहयोग तथा सहजीकरण गर्ने , गरिब परिवार लक्षित आय-आर्जनकार्यक्रम सञ्चालन गरिनेछ ।

४८. कृषि तथा पशु विकास कार्यक्रममा दिईदै आएको अनुदान वितरण प्रणालीलाई निरुत्साहित गर्दै गरिब परिवारले उत्पादन गरेका बस्तुहरु बिक्री वितरण सहजीकरण गरिने छ ।

४९. लघु उद्यम समूह सञ्चालन र प्रोत्साहन कार्यक्रम सञ्चालन गर्ने , सामाजिक परिचालन मार्फत आय-आर्जनका लागि बचत संकलन तथा परिचालन कार्यक्रम सञ्चालन गर्ने ,अनुदान कार्यक्रमलाई प्रभावकारी बनाउन कानून तर्जुमा गरिनेछ ।

५०. गाउँपालिकामा स्थापना हुने निजी क्षेत्रका उद्योगहरुलाई आवश्यक सहयोग, समन्वय, सहजीकरण र सहकार्य गर्ने नीति लिइनेछ ।

५१. बेरोजगार युवा तथा गरिब परिवारहरुको तथ्याङ्क अद्यावधिक गर्ने कार्यलाई निरन्तरता दिइनेछ।श्रमिकलाई उचित र मर्यादित श्रम अभ्यास गर्ने हक सुनिश्चित गरिनेछ । श्रम शक्तिलाई दक्ष र ब्यबसायिक बनाई स्थानीय स्तरमा नै रोजगारीको अवसर सिर्जना गरिनेछ।सामाजिक सम्बाद मार्फत असल श्रम सम्बन्ध बिकास गरिनेछ । यसका लागि गाउँपालिकाको रोजगार रणनीति तर्जुमा गरिनेछ ।

५२. रोजगार बैंकको स्थापना गरि कामको खोजीमा रहेका बेरोजगार व्यक्तिहरुलाई सूचीकरणमा समाबेश गराई प्राथमिकताको आधारमा रोजगारी सृजनाका क्रियाकलापहरु संचालन गरि रोजगारीको न्युनतम अवसरमा संलग्न गराइने छ ।

५३. बैदेशिक रोजगार विभागबाट हुने श्रम स्वीकृति र पुनः श्रम स्वीकृति तथा बैदेशिक रोजगार बोर्ड कल्याणकारी कोषबाट हुने कल्याणकारी कार्यहरुमा यस पालिकामा रहेको रोजगार सेवा केन्द्र मार्फत सहजीकरण हुने गरि आवश्यक ब्यबस्था मिलाईने छ ।

५४. गाउँपालिकालाई बालश्रम मुक्त पालिका घोषणाको लागि न्युनतम कार्यक्रम र आधार तय गर्नुको साथै आबश्यक पर्ने रणनीति/नीति तयार गरि कार्यान्वयाँ गरिनेछ ।

५५. बिपन्न व्यक्तिहरुको जीवनस्तरमा सुधार गर्नको लागि बिपन्न घर पहिचान कार्यक्रम संचालन गरि बिपन्न पहिचान पत्र वितरण गर्ने कार्य अगाडी बढाइनेछ ।

५६. भूमिहीन दलित, भूमिहीन सुकुम्बासी र अव्यवस्थित बसोबास व्यक्तिहरुलाई लागत बमोजिम जग्गा नापजाँच गरि संघीय सरकारसंग समन्वयमा लालपुर्जा वितरणको कार्यलाई यसै बर्ष अगाडी बढाईनेछ ।

५७. रापी सोनारी गाउँपालिका क्षेत्रभित्रको उर्वर भूमिमा सिंचाई र कृषि भुमि संरक्षणका लागि तटबन्धन निर्माण सम्बन्धि गुरु योजना बनाई आवश्क कार्यक्रम संचालन गरिनेछ । सिंचाईका लागि  कार्यक्रम संचालन गरिनेछ ।

५८. गाउँपालिका भित्रका सार्वजनिक जग्गा अतिक्रमण गर्ने कार्यलाई निरुत्साहित गर्नुका साथै अतिक्रमित जग्गा व्यवस्थापनमा संघ, प्रदेश सरकारका निकायको पूर्ण सहयोग लिईनेछ ।भुमि आयोगबाट नापी भएका ऐलानी जग्गा सम्बन्धि कर कार्यपालिकालेले तोके बमोजिम हुने गरि निर्धारण गरिनेछ |

५९. असंगठित क्षेत्रमा काम गर्ने श्रमिकहरुको सामाजिक सुरक्षाको लागि सम्बन्धित रोजगारदाता सँग समन्वय गरि बिमाको ब्यबस्था गर्न आबश्यक बजेटको प्रबन्ध गरिनेछ |

६०. मुक्त कमलहरी , द्वन्दपीडित  ब्यक्तिहरुको  तथ्यांकहरू संकलन गर्ने र आबश्यक पर्ने कानुनी प्रवन्ध गरि उनीहरुलाई कृषि, शिक्षा , स्वास्थ्य एबम शसक्तिकरण र आय आर्जनको क्षेत्रमा पंहुच अभिबृद्धि गरिनेछ |

**सामाजिक विकास**

१. १० बर्षे गाउँ शिक्षा योजना निर्माण तथा कार्यान्वयन गरिनेछ । शिक्षक दरबन्दी मिलान तथा पुनर्वितरण गरिनेछ ।

२. विद्यालय नक्सांकन तथा समायोजन गरिनेछ । विद्यालयमा टिनको छानो विस्थापित गरि वातावरण अनुकुल तथा बिद्यार्थी मैत्री बनाउने कार्यक्रमलाई निरन्तरता दिइनेछ ।

३. संघ तथा प्रदेश सरकारको सहकार्यमा  ICT Lab, Science Lab, कक्षा कोठा थपका कार्यक्रम सञ्चालन गरिनेछ ।

४. जीवन उपयोगी तथा निरन्तर सिकाईको ब्यबस्थापन ,बाल विकास केन्द्रहरुलाई शैक्षिक सामाग्रीहरुको व्यवस्थापन गर्ने, सबै विद्यालयहरुमा स्वच्छ खानेपानी तथा लैङ्गिक मैत्री शौचालयको व्यवस्थापनलाई निरन्तरता दिइनेछ ।

५. प्राविधिक धारको उच्च शिक्षाका लागि छात्रवृत्ति उपलब्ध गराउने नीति अवलम्बन गरिनेछ। सरकारी विद्यालयका विद्यार्थीहरुको एकै प्रकारको ड्रेसकोड लागु गरिनेछ ।

६. विद्यालय शिक्षालाई गुणस्तरीय र प्रभावकारी बनाउन गाउँपालिका (शिक्षा शाखा) र विद्यालय प्र.अ. बीच कार्य सम्पन्न करार गरिनेछ ।बिद्यालय बाहिर कुनै पनि बालबालिका नरहेको सुनिश्चित गरि घोषणा गरिनेछ । बालमैत्री बिद्यालय बिकासको अवधारणा लागु गरिनेछ ।

७. नमुना बिद्यालय बिकास कार्यक्रम संचालन गरिनेछ । नमुना बिद्यालय घोषणा गरि त्यस बिद्यालयको भौतिक तथा क्रियाकलापहरु प्राथमिकताका साथ आगाडी बढाइनेछ ।

८. विद्यालयमा कार्यरत शिक्षकहरुलाई मागमा आधारित आधारभुत तथा पुनर्ताजगी तालिम कार्यक्रम सञ्चालन गरिनेछ ।

९. अथिति शिक्षण कार्यक्रमलाई निरन्तरता दिइनेछ । कम्तिमा ३ महिनाको एक पटक गाउँपालिकाका अध्यक्ष, उपाध्यक्ष, प्रमुख प्रशासकीय अधिकृत तथा गाउँपालिका भित्रका विभिन्न क्षेत्रका सफलतम व्यक्तिहरुलाई ज्ञान, सीप र अनुभव आदान प्रदान गर्ने कार्यक्रम सञ्चालन गरिनेछ ।

१०. ECD लाई मनोरन्जनका साथै खेल सामग्रीको ब्यबस्थापन गर्ने, सुस्त मनस्थिति बहिरा तथा कमजोर सिकाइ भएका, ढिलो सिक्ने बालबालिकाको पहिचान गरि आवश्यकता बमोजिमका कार्यक्रममा जोड दिइनेछ ।

११. आधारभूत तहसम्म लागु गरिएको स्थानीय पाठ्यक्रमलाई संस्थागत विद्यालयमा समेत लागु गरिनेछ ।

१२. संस्थागत विद्यालयको भवन, फर्निचर, शौचालय, खानेपानी व्यवस्थापन, मासिक फी, छात्रवृत्ति, सामाजिक सुरक्षा कर र शिक्षक तलबका सन्दर्भमा नियमित अनुगमन तथा मूल्यांकन गरिनेछ।

१३. शिक्षक तथा व्यवस्थापन समितिका पदाधिकारीहरुको क्षमता विकास कार्यक्रम सञ्चालन गरिनेछ ।

१४. विद्यालयहरुमा खेलमैदानको स्तरोन्नती तथा मर्मत संभारलाई निरन्तरता दिइनेछ । पालिका स्तरीय खेलकुद रंगशाला निर्माणमा पूर्णता दिइनेछ ।यसका साथै एक बिधालय एक बगैचाको अवधारणालाइ मुर्तरुप दिनको लागि सम्बन्धित वडासंगको समन्वयमा शुरुवात गर्नको लागि प्रत्येक बिधालयमा चिल्ड्रेन गार्डेनको स्थापना गरिनेछ |

१५. गाउँपालिका भित्र रहेको खेलकुदको सम्भावनालाई मध्यनजर गर्दै विभिन्न विधाका खेलकुद अनुसार आवश्यक खेलकुद विकास प्रवर्दन कार्यक्रम संचालन गरिनेछ । विभिन्न विधामा उत्कृष्ठ हुने खेलाडीहरुलाई गरिने सम्मानका कार्यक्रमलाई निरन्तरता दिइनेछ ।

१६. राष्ट्रिय भारत्तोलन खेलाडी स्व.सन्जु चौधरी अक्षय कोषबाट राष्ट्रपति खेलकुद प्रतियोगितामा हरेक वर्ष उत्कृष्ट खेलाडीलाई प्रदान गरिने पुरुस्कारलाई निरन्तरता दिइनेछ ।

१७. अंग्रेजी माध्यमबाट अध्ययन अध्यापन गराउने सम्बन्धी सम्भाव्यता अध्ययन तथा मूल्यांकन गरिनेछ ।

१८. गाउँपालिका भित्र निर्माण सम्पन्न भईसकेका गाउँघर क्लिनिक तथा खोप केन्द्रहरुमा आवश्यक सामाग्रीको व्यवस्थापन गरिनेछ । साथै आवश्यक ठाँउमा भौतिक संरचना विस्तार गरिनेछ ।

१९. गाउँपालिकाको एक मात्र आधारभुत अस्पतालको आगामी आवमा पूर्वाधार निर्माण सम्पन्न गरि संचालनका लागि संघीय तथा प्रदेश सरकार संग आवश्यक पहल कदमी गरिनेछ ।

२०. रासी सोनारी वडा नं. ८ मा २४ सै घण्टा बर्थिङ्ग सेवा संचालन गरिनेछ ।

२१. गाउँपालिका भित्र रहेको एम्बुलेन्स सेवालाई online tracking system मा स्तरउन्नती गर्ने ,विभिन्न सरुवाजन्य रोगहरुको नियन्त्रणका लागि द्रुत प्रतिकार्य टोली परिचालन गरि व्यवस्थापन गरिनेछ ।

२२. प्रयोगशाला नभएको स्वास्थ्य संस्थाहरुमा गुणस्तरीय प्रविधिमैत्री प्रयोगशाला संचालन गरिनेछ।

२३. जेष्ठ नागरिक, असहाय शारिरिक अशक्त तथा दिर्घ रोगीहरुका लागि गाउँपालिका अध्यक्ष सँग विशेषज्ञ स्वास्थ्य शिविर संचालन गरिनेछ ।

२४. नसर्ने दिर्घ रोगीहरुका लागि निशुल्क औषधीको व्यवस्था गरि विपन्न नागरिकहरुका लागि स्वास्थ्य विमा कार्यक्रम संचालन गरिनेछ ।वीमित व्यक्तिहरुले भोगीरहेको प्रक्रियागत झंझटका लागि सम्बन्धित निकायहरुमा समन्वय र सहजीकरण गरिनेछ।

२५. स्वास्थ्य सेवामा कार्यरत स्वास्थ्यकर्मीहरुको क्षमता अभिवृद्धि कार्यक्रम संचालन गरिनेछ ।पोषणमैत्री स्वास्थ्य संस्था सम्बन्धि कार्यक्रम संचालन गर्ने ,क्षयरोग मुक्त गाउँपालिका सम्बन्धि कार्यक्रम संचालन गर्ने, सिकलसेल बेटाथ्यालेसिमिया कार्यक्रम निरन्तरता दिईनेछ ।गाउँपालिका भित्र रहेका सबै स्वास्थ्यहरुलाई प्रविधिमैत्री बनाई संचालन गरिनेछ ।

२६. महिला स्वास्थ्य स्वयम् सेविकाको संजालको बैधानिकताको लागि बिधान तर्जुमा गर्नुको साथै महिला स्वास्थ्य स्वयम सेविकाको विमा कार्यक्रमलाई निरन्तरता दिईनेछ ।

२७. गर्भवती महिलाहरुलाई निशुल्क प्रयोगशाला जाँच सुनिश्चित गरिनेछ साथै गर्भावस्थामा क्यालसियम चक्कि वितरण कार्यलाई निरन्तरता दिईनेछ ।

२८. विभिन्न सरुवाजन्य रोगहरुको नियन्त्रणका लागि द्रुत प्रतिकार्य टोली परिचालन गरि व्यवस्थापन गरिनेछ ।

२९. क्यान्सर लगायत असाध्य रोग विरुद्धको सचेतना कार्यक्रमरScreen Test सम्बन्धी कार्यक्रम सञ्चालन गरिनेछ ।

३०. महिला अधिकार तथा कानूनी साक्षरता र नेतृत्व विकास सम्बन्धी तालिम सञ्चालन गरिनेछ ।

३१. एकल महिलाका लागि स्वरोजगार मूलक कार्यक्रम सञ्चालन गरिनेछ ।नेत्रबिहिन , अपाङ्गता भएका नागरिकहरुको लागि मागमा आधारित जीविकोपार्जन कार्यक्रम संचालन गरिनेछ|गाउँपालिकाबाट वितरण गरिदै आएको अपांग परिचय पत्र वितरणमा सरल सहजता प्रदान गरिनेछ | सबै प्रकृतिका अपाङ्गता भएका ब्यक्तिहरुको यथार्थ पहिचान गरि आयमुलक कार्यमा सहभागिताको लागि सिपमुलक तालिम र सहायक सामग्रीको प्रबन्ध गरिनेछ |

३२. विपन्न महिलाहरुका लागि उद्यमशीलता तथा स्वरोजगार सम्बन्धी तालिम सञ्चालन गरिनेछ । युवा, महिला, आदिवासी जनजाति, दलित, उत्पीडित तथा सीमान्तकृत समुदायहरुका लागि सरकारी सेवा प्रवेश सम्वन्धी निशुल्क कक्षा सञ्चालन गरिनेछ ।

३३. ७५ बर्ष माथीका जेष्ठ नागरिक केन्द्रित स्वास्थ्य कर्मी सहितको घरदैलो कार्यक्रम तथा जेष्ठ नागरिक सम्मान कार्यक्रम सञ्चालन गरिनेछ ।

३४. सकारात्मक विभेद सहितको सामाजिक समाबेशीकरण सम्बन्धी स्थानीय नीति तर्जुमा तथा कार्यान्वयन गरिनेछ । गाउँपालिकालाई छुवाछुत मुक्त वडा / पालिकाको घोषणा गर्न पहल गरिनुको साथै दलित समुदायका बिधार्थिहरुलाई आयोगका प्रतिस्पर्धी कक्षा संचालनको लागि बजेट बिनियोजन गरिनेछ |

३५. दलित समुदायको परम्परागत सीप तथा व्यवसायहरुमा नयाँ प्रविधि प्रयोग मार्फत संरक्षण तथा प्रवर्द्धन कार्यक्रम संचालन गरिनेछ । दलित समुदायको एकीकृत तथ्यांक संकलन गरि दलित समुदायका बिधार्थिहरुलाई प्राविधिक उच्च शिक्षामा छात्रवृत्तिको प्रबन्ध गर्न बजेटको ब्यबस्था गरिनेछ |

३६. दलित निगरानी केन्द्रको स्थापनामा जोड दिदै सम्बन्धित समुदायको सहभागितामा जातीय भेदभाव तथा छुवाछुत उन्मुलन दिबस मनाइनेछ |

३७. सडक मानव शून्य अभियानमा मानव सेवा आश्रम, बाल आश्रम तथा नीलसागर आश्रम जस्ता परोपकारी संस्थाहरुसंग सहकार्य गरिनेछ ।स्थानीय बालआश्रमको संरक्षण गरिनेछ |

३८. गाउँपालिकाले बिगत आ.व. मा संचालन गर्दै आएको बा-आमा संरक्षण कार्यक्रमलाई निरन्तरता दिइनेछ ।

३९. वडा तथा बिद्यालयतहमा बालक्लबहरु तथा बालसञ्जाल निर्माण, परिचालन तथा सुदृढीकरणमा जोड दिइनेछ । बालविवाह रोकथाम ,न्यूनीकरण तथा अन्त्यका लागि सहकार्य र साझेदारीमा आवश्यक पर्ने रणनीति तर्जुमा गरिनुको साथै समन्वय र पहल गरिनेछ ।

४०. बालमैत्री स्थानीय शासन प्रवर्द्धन तथा बालमैत्री गाउँपालिका घोषणाकार्यक्रम सञ्चालन गरिनेछ ।

४१. ग्रामीण युवा उद्यमशीलता तथा सीप-बिकास तालिम कार्यक्रम गरिनेछ ।गाउँपालिका अध्यक्ष संग यूवा कार्यक्रम संचालन गरिनेछ । लागु औषध नियन्त्रणको लागि सरोकारवाला निकाय वा संस्थाको साझेदारीमा सचेतनामुलक कार्यक्रम संचालन गरिनेछ ।

४२. खेलकुद बिकासका लागिआवश्यक कानूनी, भौतिक तथा संस्थागत संरचना निर्माण गरिने छ। राष्ट्रपति रनिङसिल्ड तथा अध्यक्षकप प्रतियोगिता संचालन गरिने छ।यस गाउँपालिकालाई खेलकुद Hub का रुपमा विकास गरिनेछ ।सबै वडाहरुको सहभागितामा एक वडा एक व्यायामशाला स्थापना गर्ने नीति अबलम्बन गरिनेछ ।

४३. विभिन्न धार्मिक स्थल तथा मठमन्दिरहरुको संरक्षण तथा सम्वर्धन गरिनेछ । कला, भाषा, संस्कृति सम्बर्धन कार्यक्रम सञ्चालन गरिनेछ ।धार्मिक, ऐतिहासिक, सांस्कृतिक र बेवारिसे जग्गा, पर्ती खोल्साको स्रेस्ता कायम भएका र अदालताबाट फैसला भएका जग्गाहरूलाई संरक्षण गर्नको लागि तारवार /घेरावार गरिनेछ |

४४. ऐतिहासिक, धार्मिक तथा साँस्कृतिक सम्पदाहरुको पहिचान, अभिलेखीकरण तथा प्रचार प्रसार गरिनेछ । राप्ती सोनारी महोत्सवमा स्थानीय लोकसंस्कृतिको संरक्षण तथा सम्वर्धनका समेटने कार्यक्रम अगाडी बढाइनेछ ।

४५. बहुउद्देश्यीय कभर्डहल सहितको खेलमैदान निर्माणको लागि DPR निर्माण गरिनेछ।

४६. वरघरहरुको सञ्जाल निर्माणमा आवश्यक सहजीकरण गरिनेछ | बरघरहरुको क्षमता अभिबृद्धि गरि बिकास निर्माण तथा पालिका भित्रका सामाजिक काममा परिचालन गरिनेछ |

४७. लैङ्गिक उत्तरदायी बजेट परीक्षण कार्यक्रमको निरन्तरता दिइनेछ ।पुराना खानेपानी योजनाहरुको मर्मत सम्भार कार्यक्रमलाई निरन्तरता दिइनेछ ।

४८. एकघर एकधारा कार्यक्रम संचालनका लागि नयाँ ओभरहेड टंकी निर्माण तथा पाइपलाइन बिस्तार गर्न संघीय तथा प्रदेश सरकारसंग समन्वय र सहकार्य गरिनेछ ।

४९. फोहरमैला संकलन, ब्यबस्थापन तथा प्रशोधनको लागि पालिका स्तरीय Landfill Side को सम्भाव्यता अध्ययन गरिनेछ ।

५०. फोहोर ब्यबस्थापनको लागि एक घर एक टोकरी कार्यक्रम (बैजापुर चोक, अगैया बजार, कुसुम बजार, ढकेरी बजार र सम्शेरगंज बजार) सञ्चालन गरिनेछ ।सबै वडामा क्रमशः सरसफाई गरिनेछ |

५१. खानेपानी तथा सरसफाई सम्बन्धी जनचेतना कार्यक्रम सञ्चालन गरिनेछ । पूर्ण सरसफाइयुक्त गाउँपालिका घोषणा गर्न आबश्यक बजेटको ब्यबस्था गरिनेछ ।

५२. गाउँपालिका भित्र संचालनमा रहेका खानेपानी उपभोक्ता समितिलाई सक्रिय बनाउदै शुद्ध खानेपानी उपलब्ध गराउनको लागि आबश्यक कानुन तर्जुमा गरि खानेपानी महशुल एकरुपकता कायम गर्न गाउँपालिकाले नेतृत्वदायी भूमिका निर्वाह गर्ने नीति लिइनेछ |

## पूर्वाधार विकास

१. गाउँपालिका स्तरीय सडक तथा यातायात गरुयोजना अनुसार सडक नालीको निर्माण र मर्मत सम्भार गरिनेछ । सडक संजाल बिस्तार र स्तरोन्नतिका लागि संघ प्रदेश सरकारसंग समन्वय गर्नुका साथै कार्यक्रम संचालन गरिनेछ ।

२. वडा न २ मुगुवा खोला, वडा नं. १ राप्ती नदी, वडा नं ९ को झिझरी खोलामा पक्कि पुल र अन्य अत्याबश्यक स्थानमा पक्कि पुल निर्माणका लागि संघ तथा प्रदेश सरकार संग आवश्यक पहल गरिनेछ ।

३. राप्ती सोनारी गाउँपालिका क्षेत्रभित्रका अत्याबश्यक स्थानहरुमा पुलपुलेसा र कल्भर्ट निर्माणलाई निरन्तरता दिइनेछ । झोलुङ्गे पुल निर्माणका लागि संघ प्रदेश सरकारसंग समन्वय गरि पहल गरिनेछ ।

४. सडक सुरक्षाको ग्रेड घुम्ती सुधार र ट्राफिक संकेत आदिको ब्यबस्थापन र नियमन गर्ने नीति अवलम्बन गरिनेछ ।

५. वडा नं. ४ बांसखोली, चुनभट्टी, खयरभट्टी, महेशपुर र गुर्दनगौरी लगायत पालिकाको समग्र वडाहरुमा बिद्युतको सहज बिस्तारको निम्ति सम्बन्धित निकायसंग समन्वय गरि पहल गरिनेछ । विद्युतविस्तार/विद्युतपोल सुधारमा जोड दिइनेछ ।

६. भवन आवास तथा बस्ति बिकास सम्बन्धि नीति, कानून, तथा मापदण्ड बनाई कार्यन्वयनमा ल्याइनेछ । सरकारी तथा सामुदायिक भवनको अनिवार्य घर नक्शा पास गर्ने नीति अवलम्बन गरिनेछ |

७. राम्रो काम गर्ने ठेकेदारलाई प्रोत्साहन र समयमा काम नगर्ने ठेकेदारलाई दण्डको व्यवस्था गरिनेछ ।मर्मत सम्भार कोष सञ्चालन कार्यविधि तर्जुमा तथा कार्यान्वयन गरिनेछ ।

८. टोल विकास संस्थाहरुबाट हुने कामलाई प्रक्रियागत सरलीकरणमा जोड दिइनेछ । पानी परीक्षण प्रयोगशाला र पूर्वाधार निर्माण चेकजाँच प्रयोगशालाको स्तरोन्नती गरिनेछ ।

९. मुख्य चोकमा सोलार लाईटको स्थापनाका लागि संघ तथा प्रदेश सरकारसंग सहकार्य गरिनेछ ।विद्युत उपयोगको खपतको लागि सामुदायिक वनसंगको साझेदारीमा विद्युत चुल्हो अनुदान कार्यक्रम सञ्चालन गरिनेछ ।

१०.गाउँपालिकाको प्रशासनिक भवन निर्माण कार्यलाई अगाडि बढाइनेछ ।कुसुम, अगैया, शम्शेरगञ्ज, ढकेरीमा स्तरयुक्त शौचालय सहितको बस प्रतिक्षालय निर्माण कार्यको शुरुवात गरिनेछ ।

११.स्यालो ट्युबेल/बोरिङबाट सिँचाई गर्ने कार्यक्रमलाई निरन्तरता दिइदै कूलो/नहरको मर्मत सम्भार तथा गेट-वे निमार्ण कार्यलाई निरन्तरता दिइनेछ ।

१२.गाउँपालिका मातहत तयार गरिएका वेभसाइट र सफ्टवेयरलाई उपयोग गरि सूचना तथा प्रबिधि मैत्री पालिका बनाउने नीति अवलम्बन गरिनेछ । डिजिटल साक्षरता, पेपरलेस सिस्टम र राप्ती सोनारी बुलेटिन प्रकाशनका कार्यक्रमहरु संचालन गरि पारदर्शीता कायम गर्ने नीति अवलम्बन गरिनेछ ।

१३.संघिय स्वास्थ्य मापदण्ड तथा निर्देशिका अनुसार स्वास्थ्य चौकीको भवन निर्माण गरिनेछ । अत्यावश्यक स्थानमा सुरक्षा मापदण्ड अनुसारका प्रहरी चौकी निर्माणको लागि गाउँपालिकाको आफ्नो बजेट वा तहगत सरकार संग पहल गरिनेछ ।

१४.पूर्वाधार निर्माणको कार्यमा लागत साझेदारी नीति अबलम्बन गर्नुको साथै सम्बन्धित लाभग्राही उपभोक्ताको सहभागितामा अपनत्व ग्रहण गर्ने गरि आयोजना संचालनमा जोड दिईनेछ ।

**वन, वातावरण तथा विपद् व्यवस्थापन**

१. नदी कटान तथा भू—क्षय नियन्त्रणको लागि वृक्षा रोपण कार्यक्रम (वायोइन्जिनियरिङ्ग) संचालन गरिनेछ ।नर्सरी उत्पादन तथा बिस्तारमा सामुदायिक बन र सब डिभिजन वन कार्यालयहरुसंग सहकार्य गरिनेछ । वन विस्तार र संरक्षण सम्बन्धी कार्यक्रम गर्ने नीति अवलम्बन गरिनेछ ।

२. विपद्जन्य घटनाबाट पीडित नागरिकलाई आवश्यक काठ उपलब्ध गराउन निश्चित काठ सामुदायिक वनको सहयोगमा भण्डार गर्ने व्यवस्था मिलाइनेछ।

३. डढेलो नियन्त्रण तथा जनचेतनामुखी कार्यक्रम सञ्चालन गरिनेछ।निजी जग्गामा वृक्षारोपण गर्ने व्यक्ति तथा समूहलाई प्रोत्साहन कार्यक्रम ल्याइनेछ।डढेलो नियन्त्रणका लागि जनशक्ति तयार गरिनेछ ।

४. धार्मिक स्थल, विद्यालय, नाँगाडाँडाँ, खाली चउर र बुट्यान क्षेत्रमा वृक्षारोपण कार्यक्रमलाई अगाडि बढाइनेछ । हरियाली प्रवर्द्धन तथा पार्क सबै वडाहरुमा निर्माण कार्यक्रमलाई जोड दिइनेछ।

५. वातावरणमैत्री गाउपालिका घोषणा गर्नको लागि बातावरण संरक्षण सम्बर्धन गर्ने कार्यक्रम गर्ने नीति अवलम्बन गरिनेछ । प्रत्येक मोटर बाटोको छेउँमा वृक्षारोपण गरी हरियाली पथ निर्माण कार्यक्रम सञ्चालन गरिनेछ ।

६. आगजनी र वायु प्रदुषणले वातावरणमा पार्ने प्रभाव रोक्न र फोहरमैला व्यवस्थापन गर्नको लागि सचेतना कार्यक्रम सञ्चालन गरिनेछ ।

७. साँस्कृतिक तथा धार्मिक केन्द्र, बजार केन्द्र तथा बस स्टेशन (बस बिसौनी, जीपपार्क) मा सार्वजनिक शौचालय निर्माणका लागि साझेदार संस्थासंग सहकार्य गरिनेछ ।

८. नेपाली सेना, नेपाल प्रहरी, सशस्त्र प्रहरी, उद्योग वाणिज्य संघ, नेपाल रेडक्रस सोसाइटी, सामुदायिक वन, नागरिक समाज लगायतको सहकार्यमा निरन्तर सरसफाई अभियान कार्यक्रम सञ्चालन गरिनेछ ।

९. सामुदायिक बनसंग नियमानुसार साझेदारी कार्यक्रम गर्ने नीति अवलम्बन गरिनेछ । वन उपभोक्ता समितिलाई जैविक विविधता संरक्षण र प्रवर्द्धन गर्न जनचेतना/अभिमुखीकरण कार्यक्रममा जोडिनेछ ।गापालिकाको स्थानीय बन ऐन यसै आवमा तर्जुमा गरि कार्यान्वन गरिनेछ | जैविक विविधता संरक्षण र प्रवर्द्धनका लागि कानून, कार्यविधि निर्माण गरिनेछ ।

१०.पर्या—पर्यटनको पूर्वाधार तयार गर्न पर्यटन योजना निर्माण गरिनेछ ।सघ तथा प्रदेश सरकारको सहकार्यमा हात्तीसार पार्क निर्माण कार्यलाई अगाडि बढाइनेछ यसका साथै बैसा पार्कमा पिकनिक स्थल सेड र अन्य पूर्वाधार निर्माण कार्यमा जोड दिईनेछ ।

११.जलवायु परिवर्तन र अनुकूलन सम्बन्धी सचेतना कार्यक्रम सञ्चालन गर्न जलवायु अनुकूलन पूर्वाधार निर्माण मापदण्ड/नीति तर्जुमा गरिनेछ । वातावरणीय प्रभाव मूल्यांकन प्रतिवेदनको प्रभावकारी कार्यान्वयन गरिनेछ ।समग्र गाउँपालिकाको विपद् व्यवस्थापन योजनाको नियमित अद्यावधिक गरिनेछ ।

१२.विपद् व्यवस्थापनका लागि वडागत प्रतिकार्य योजना निर्माण गरिनेछ । विपद्को समयमा तत्काल आश्रयको लागि वडा नं. २ र ६ मा बहुउद्देश्यीय भवन निर्माणका लागि पहल गरिनेछ ।

१३.खाद्य, कपडा र भाँडावर्तन बैंक स्थापना गर्न गै. स. स. तथा साझेदार संस्थाहरुसंग सहकार्य गरिनेछ |स्थानीय विपद् व्यवस्थापन समिति र वडा विपद् व्यवस्थापन समितिहरुको क्षमता

विकास कार्यक्रम सञ्चालन गरिनुको साथै आपत्कालीन अवस्थामा शीघ्र सूचना तथा सञ्चार प्रणाली व्यवस्थापन कार्यक्रम सञ्चालन गरिनेछ

१४.प्रत्येक वडामा विपद् व्यवस्थापनका लागि उपयुक्त बजेट विनियोजन गरिनेछ । वन्यजन्तु नियन्त्रणका लागि तारजाली/घेरावार कार्यलाई निरन्तरता दिइ उद्धार सामाग्री खरिद तथा व्यवस्थापन गरिनेछ । विद्यालयको पाठ्पुस्तकमा प्राकृतिक प्रकोप सचेतता सम्बन्धी विषय समावेश गरिने छ।

१५.नदीजन्य पदार्थको अत्यधिक दोहन कार्यलाई निरुत्साहन गरिनेछ ।नदीजन्य पदार्थ दोहन गर्ने क्रममा पक्राउ परेका सवारी साधनको विवरण गाउँपालिकाको Website मा राखिनेछ ।आगामी आव देखि नदिजन्य उत्खनन हुने वडाको क्षेत्रको वातावरण प्रदुषण तथा बिकास ब्यबस्थापनको लागि ठेक्का लगाइएको वा राजस्व असुल अंकको १० प्रतिशत रकम सम्बन्धित वडाको सोहि क्षेत्रमा खर्च गरिने नीति लिइनेछ |

१६.पालिकाका विभिन्न खोला, नदी लगायतका स्थानहरुमा अनुपयोगमा रहेका रुखहरुको तथ्यांक संकलन गरि जिल्ला बन कार्यालय र सामुदायिक बनसंग समन्वय गरि गाउपालिकाको आन्तरिक आम्दानीमा वृद्धि गर्नको लागि कटान मुछानका लागि टेन्डर प्रक्रिया अगाडी बढाइनेछ ।

१७.नागरिकहरुको बसोबास बिधुत मिटर जस्ता सेवाबाट बन्चित हुनु परेकोले निजहरुको हितलाई ध्यानमा राखी उपयोग गरेको जग्गामा शुल्क लागाउने, नदि छेउछाउ ,नदि उकास रहेका खाली उपयोगमा नआएका जमिन्हारुलाई बनजन्य र जडीबुटी खेतीको उत्पादनको लागि साझेदारी र सहकार्यमा ब्यबसायी प्रयोजनको लागि शुल्क लगाई उपयोग गर्ने ब्यबस्था मिलाइनेछ |

**सुशासन तथा संस्थागत विकास**

१. सेवा प्रवाह सम्बन्धमा चौमासिक रुपमा गाउपालिका वडा कार्यालय, स्वास्थ्य संस्था र सामुदायिक विद्यालयमा सार्वजनिक सुनुवाई कार्यक्रम सञ्चालन गरिनेछ ।

२. बिकास निर्माण तथा सेवा प्रवाहको चौमासिक रुपमा प्रगति समीक्षा कार्यक्रम गरिनेछ ।

३. गाउँपालिका तथा प्रत्येक वडाहरुमा नागरिक वडापत्रको व्यवस्था (गाउँपालिकामा डिजिटल बोर्ड) तथा अध्यावधिक गरिनेछ ।व्यक्तिगत घटनादर्ता सम्वन्धमा बस्ती स्तरमा छलफल तथा अन्तरक्रिया कार्यक्रम सञ्चालन गरिनेछ ।

४. पालिका केन्द्रबाट लामो दुरीमा भएको वडा तहमा एकीकृत घुम्ती सेवा सञ्चालन गरिनेछ ।आम नागरिकलाई सेवा प्रतिको जनविश्वास पहिचान गर्न सेवाग्राही सन्तुष्टि सर्वेक्षण कार्यक्रम संचालन गरी सार्वजनिकीकरण गरिनेछ ।

५. गाउँपालिकाको साङ्गठनिक तथा व्यवस्थापन अध्ययन प्रतिवेदन र लोकसेवाबाट पदपूर्ति भइ आए पछि उपयुक्त स्थानमा उपयुक्त कर्मचारी पदस्थापना गरि जनशक्ति व्यवस्थापन गरिनेछ।

६. गाउँपालिकाको क्षमता विकास योजनाका आधारमा कर्मचारी तथा जनप्रतिनिधि क्षमता विकास कार्यक्रम सञ्चालन गरिनेछ । गाउँसभा तथा गाउँ कार्यपालिकाबाट गठन गरिएका बिभिन्न समितिहरुको कार्य विवरण सहितको कार्यविधि तर्जुमा तथा कार्यान्वयन गरिनेछ ।

७. कर्मचारीहरुको कार्यसम्पादन सम्झौताका लागि सूचकहरु निर्माण/परिमार्जन गरिनेछ ।

८. गाउँपालिका तथा वडा कार्यालयमा भौतिक उपकरण, इन्टरनेट सेवा लगायत फर्निचर तथा फर्निसिङको व्यवस्था गरिनेछ ।आवधिक योजनाको मध्यावधिक समिक्षा तथा नयाँ योजना निर्माण गरिनेछ ।

९. सेवा प्रबाहमा प्रविधिको प्रयोगलाई बढाउनुको साथै गाउपालिकाको बार्षिक योजना तथा बुलेटिन प्रकाशन गरिनेछ ।

१०. सार्बजनिक सुचना र सम्पादित कामको प्रत्येक ३/३ महिनामा स्वतः प्रकाशन गरिनेछ ।बार्षिक योजना तर्जुमा तथा सभाबाट स्वीकृत पश्चात कार्यान्वयन गरिनेछ ।राजस्व सुधार कार्ययोजना निर्माण गरिनेछ ।

११. मध्यमकालीन खर्च संरचना बार्षिक रुपमा) तर्जुमा आगामी आव देखि शुरु गर्ने , लेखा प्रणाली सुदृढीकरण कार्यक्रम सञ्चालन गर्ने र राजश्व प्रणाली सुदृढिकीकरण कार्यक्रम सञ्चालन गरिनेछ ।

१२. आन्तरिक नियन्त्रण प्रणालीको विकास तथा सुदृढीकरण गर्दै सेवाप्रवाहलाई चुस्त, जनमैत्री र सहज बनाउन सेवाप्रवाह मापदण्ड तर्जुमा गरिनेछ |बेरुजु अभिलेखीकरण तथा फछ्र्यौट कार्यक्रमलाई सघन रुपमा अगाडि बढाइनेछ ।

१३. आर्थिक बर्षको प्रारम्भमा बार्षिक खरिद योजना तथा खरिद गुरु योजना तयार गरि कार्यान्वन गर्ने , न्यायिक समितिका पदाधिकारी तथा कर्मचारीहरुको क्षमता अभिवृद्धि कार्यक्रम सञ्चालन, स्थानीय स्तरमा कानूनी सचेतना कार्यक्रम सञ्चालन गर्ने र न्यायिक कामकाजलाई सहज बनाउन विद्युतीय प्रणालीको सेवालाई प्रभावकारी कार्यान्वयन गरिनेछ ।

१४. सूचना प्रविधि सम्बन्धी कानून तर्जुमा गरिनेछ । विद्युतीय शासन प्रवर्धन कार्यक्रममा जोड दिइनेछ | विद्युतीय हाजिरी व्यवस्थापनलाई सबै वडा, स्वास्थ्य संस्थाहरु तथा बिद्यालयहरुमा निरन्तर कार्यान्वयन गरिनेछ ।

१५. गाउँपालिका तथा वडा कार्यालय बीच नेटवर्किङ विस्तार गर्ने , हाल प्रयोगमा रहेको मोबाइल एपलाई अद्यावधिक गरि सेवा प्रवाह नागरिकमैत्री बनाइनेछ ।

१६. प्रहरी तथा सुरक्षा प्रशासनलाई प्रविधियुक्त बनाउन आवश्यक सहयोग गर्ने ,सामुदायिक प्रहरी कार्यक्रमका लागि नेपाल प्रहरीसंग सहकार्य गरि लागु पदार्थ तथा दुर्व्यसन नियन्त्रण तथा सचेतना कार्यक्रम सञ्चालन गरिनेछ ।

१७. अनुगमन तथा मूल्यांकन कार्यविधिमा उल्लेखित सूचकहरुका आधारमा अनुगमन तथा मूल्यांकन कार्यलाई नतिजामुखी बनाउने, अनुगमन तथा मूल्यांकनमा खटिने पदाधिकारी तथा कर्मचारीहरुको क्षमता विकास कार्यक्रम सञ्चालन गरि आर्थिक बर्षको सुरुमा बार्षिक कार्यक्रम कार्यान्वयन कार्ययोजना तयारी गरिनेछ ।

१८. गाउँपालिकामा पूर्वाधार गुणस्तर प्रयोगशालाको स्थापना तथा संचालन गर्ने ,आवश्यक जनशक्ति सहितको सूचना तथा अभिलेख केन्द्रको स्थापना तथा व्यवस्थापन गरि गाउँपालिका र वडा स्तरको क्षेत्रगत तथ्याङ्क संकलन, प्रशोधन र विश्लेषण एवं प्रकाशन गरिनेछ ।

१९. गाउँपालिकाको वेबसाइट अद्यावधिक गरी वार्षिक कार्यक्रम बुलेटिन, विविध प्रकाशन र सूचनाहरु सार्वजनिकीकरण गर्ने , तथ्याङ्क संकलन, भण्डारण तथा प्रशोधनको क्षेत्रमा काम गर्ने कर्मचारीहरुको क्षमता अभिवृद्धि कार्यक्रम सञ्चालन गर्ने , भौगोलिक सूचना प्रणालीको प्रयोग गरी स्थानगत तथ्यांक तथा नक्शा अद्यावधिक गरिनेछ ।

२०. गाउँसभाबाट कार्यक्रम स्वीकृत गराई कार्यक्रम संचालन गर्ने गैससहरुलाई मात्र गाउँपालिका भित्र कार्यक्रम गर्ने अनुमति दिईने, गैसस तथा सामुदायिक संस्था परिचालनका लागि आचार संहिता निर्माण गरिने र अन्य संघ संस्थाहरुसँगको सहकार्यका लागि श्रोत व्यवस्थापन बारे अन्तरकृया कार्यक्रम सञ्चालन गरिनेछ ।

२१. सामाजिक विकास मञ्च बाँके, कारितास नेपाल, रुम टु रिड, फियान नेपाल, इलम, जुलोजिकल सोसाइटी अफ लण्डन, युनेस्को बाँके, सी मेट, किसान टु परियोजना, INF बाँके, इन्न्रुडेक कोहलपुर, ग्रामीण स्वास्थ्य तथा शिक्षा विकास केन्द्र , एशिया फाउन्डेसन लगायत साझेदार संस्थाहरुसंग रासी सोनारीको विकास र सम्वृद्दिका लागि सहकार्य गरिनेछ ।

२२. यस गाउँपालिकालाई कार्य क्षेत्र बनाइ विकास निर्माण तथा लक्षित वर्ग विकास कार्यक्रम सञ्चालन गर्ने संघीय तथा प्रदेश स्तरीय कार्यालयहरुले गाउँपालिकासंग अनिवार्य रुपमा समन्वय र सहकार्य गर्ने वातावरण श्रृजना गरिनेछ ।

२३. गाउपालिका नगर प्रहरीको दरबन्दी सृजना गरि आवश्यकता अनुसार नियुक्त गर्ने प्रक्रिया सुरुवात गरिनेछ ।

२४. गैरसरकारी संस्था , सहकारी संस्था, सामुदायिक बन जस्ता निकायबाट सम्पादन भएका कामहरुको नियमन र अनुगमनलाइ प्रभावकारी बनाइ शुसानको प्रवर्धन गरिनेछ | दिगो बिकासका लक्ष्यको आन्तरिकरण गर्नुको साथै स्थानीयकरण कार्ययोजनाको कार्यान्वयन गरिनेछ |

**सभाका सदस्यज्युहरु,**

प्रस्तुत नीति तथा कार्यक्रमले सम्वृद्ध रासी सोनारीको नारालाई व्यवहारमा उतार्न विकासका प्राथमिकता र बजेट तर्जुमाको आधारलाई प्रस्तुत गरेको छ । यसको कार्यान्वयनका लागि प्राप्त हुने रचनात्मक सुझावलाई मार्गदर्शनको रुपमा लिई सबैको संयुक्त प्रयास, समन्वय, सहकार्य र अपनत्व बोधबाट प्रस्तुत नीति तथा कार्यक्रम रासी सोनारीको विकासमा कोशेढुंगा सावित हुनेछ । रासीसोनारी गाउँपालिकाको समग्र विकासको आधार तय गर्न यो नीति तथा कार्यक्रम तयार गर्दा सद्भाव र सल्लाह सुझाव दिनु हुने बिषयगत समिति, विभिन्न राजनीतिक दल, राष्ट्रसेवक कर्मचारी, नीजि क्षेत्र, प्राज्ञिक क्षेत्र, संचारकर्मी, नागरिक समाज, अग्रज व्यक्तित्व, स्थानीय सामाजिक संघ संस्था लगायत आम गाउँवासीप्रति धन्यवाद ज्ञापन गर्दै हार्दिक आभार प्रकट गर्न चाहन्छु ।

**धन्यवाद!!!**

**तप्त बहादुर पौडेल**
**अध्यक्ष, रासी सोनारी गाउँपालिका, लुम्बिनी प्रदेश नेपाल**
**मिति : २०८१ असार १० गते**